# पशुपन्छी तथा मत्स्य मिसन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

प्रस्तावनाः निर्वाहिमुखी र परम्परागत पशुपन्छी तथा मत्स्यपालन क्षेत्रलाई व्यावसायिक बनाई पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्वको वृद्धिबाट कृषकहरुको जीवनस्तरमा सुधार तथा आर्थिक उन्नति गरि प्रदेशलाई पशुपन्छी तथा मत्स्य जन्य उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले प्रदेश एकिकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग मन्त्रालयले पशुपन्छी तथा मत्स्य मिसन कार्यक्रम संचालन कार्यविधि, २०७८ बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "पशुपन्छी तथा मत्स्य मिसन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आवेदक" भन्नाले कार्यविधि र सार्वजनिक सूचना मुताबिक प्रस्ताव पेश गर्न योग्य कृषक समूह/सहकारी/नीजि उद्यमिलाई सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय र अन्तर्गका स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्छ ।

(ग) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता, चाहानाहरु र साझा उद्देश्य प्राप्तिका लागि नियमानुसार दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

(घ) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश सम्झनु पर्छ ।

(ङ) "निजि उद्यमि" भन्नाले पशुपन्छी तथा मत्स्य सम्बन्धी निजी क्षेत्रका व्यवसायीबाट सम्बन्धित सरकारी निकायमा दर्ता भई नियमानुसार कार्य गर्दै आएको संस्थालाई सम्झनु पर्छ ।

(च) "प्रस्ताव" भन्नाले कार्यालयले सार्बजनिक गरेको अनुदान सम्बन्धी सूचना अनुसार आवेदकले निर्धारित ढाँचामा तयार गरी पेश गरेको अवधारणा पत्र तथा कार्ययोजना सहितको आवेदन सम्झनु पर्छ ।

(छ) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्छ ।

(झ) "सहकारी" भन्नाले सम्बन्धित सरकारी निकायमा दर्ता भई कृषि क्षेत्रमा कार्य गर्ने संस्थालाई सम्झनु पर्छ

(ञ) "साझेदार संस्था" भन्नाले छनौट भई कार्यालय संग द्विपक्षीय सम्झौता गर्ने पशुपन्छी तथा मत्स्यपालनमा आबद्ध कृषक समूह/सहकारी/निजि उद्यमिलाई सम्झनु पर्छ ।

३. <u>उद्देश्य</u>ः यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम हुनेछ,

(क) पशु तथा मत्स्यजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी आयआर्जन र पोषण सुरक्षामा टेवा पुर्याउने,

(ख) मासु र माछाको उत्पादन लागत कम गर्ने,

(ग) पशु तथा मत्स्य उत्पादन मूल्य शृंखला अभिबृद्धि गर्ने,

(घ) पशु तथा मत्स्यपालक कृषकहरुलाई व्यवसायमूखी बनाई रोजगार प्रवर्द्धनमा सहयोग पुऱ्याउने,

(ङ) पशुपन्छी जन्य पदार्थको आयात प्रतिस्थापनमा सहयोग पुर्याउने।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. <u>मिसन कार्यक्रम संचालनका लागि संख्या/क्षेत्रफलको न्यूनतम आधार</u>ः (१) बाख्रा मिसन कार्यक्रम संचालन गरिने क्षेत्रमा न्यूनतम १००० संख्यामा बाख्रा हुनु पर्नेछ ।

(२) माछा मिसन कार्यक्रम नयाँ क्षेत्रमा समेत संचालन गर्न सकिनेछ ।

५. <u>संचालन गरिने क्रियाकलापहरु</u>ः (१) बाख्रा मिसन कार्यक्रममा तपसिलका क्रियाकलापहरु गर्न सकिनेछ,

(क) खोर व्यवस्थापन

(ख) नश्ल सुधार

(ग) पशु आहारा व्यवस्थापन

(घ) पशु स्वास्थ्य व्यवस्थापन

(ङ) बजार व्यवस्थापन

(२) माछा मिसन कार्यक्रममा तपसिलका क्रियाकलापहरु गर्न सकिनेछ,

(क) मत्स्य पोखरी विस्तार,

(ख) रेन्बो ट्राउट रेस्वे निर्माण,

(ग) पुराना मत्स्य पोखरी मर्मत सम्भार,

(घ) मत्स्य पालन सम्बन्धी स्थलगत तालिम,

(ङ) मत्स्य क्षेत्रको तथाङ्क संकलन, प्रशोधन तथा प्रेशण ।

(३) उपदफा (१) र (२) बमोजिमको क्रियाकलापहरुमा बढीमा ५० प्रतिशत अनुदान दिइनेछ ।

(४) अभिलेख व्यवस्थापन, प्राथामिक उपचार तथा रिपोटिङका लागि सामाजिक परिचालक पशु स्वास्थ्य कर्मीको व्यवस्था गर्नु पर्नेछ ।

(५) प्रथम वर्षको कार्यक्रमको कार्य प्रगति र औचित्यताको आधारमा थप आर्थिक वर्षमा समेत बजेट व्यवस्थापन गरी मिसन कार्यक्रमको निरन्तरता दिन सकिनेछ ।

६. <u>प्रस्ताव आह्वानः</u> कार्यालयले मिसन कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदक संस्थाहरुलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा तिस दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ । माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा कार्यालयले पूनः पन्ध्र (१५) दिनको समय सिमा राखी एक पटकको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्न सक्नेछ ।

७. <u>प्रस्ताव दर्ताः</u> कार्यक्रममा सहभागी हुन योग्यता पुगेका ईच्छुक आवेदक संस्थाले समय सिमा भित्र अनुसूची-२ अनुसारका कागजात सहित अनुसूची-३ बमोजिमको आवेदन पत्र र अनुसूची-४ बमोजिमको कार्ययोजना बनाई आवेदन दर्ता गर्नु पर्नेछ ।

८. <u>आवेदकको योग्यताः</u> आवेदकको योग्याता देहाय बमोजिम हुनेछ,

(क) अनुदानका लागि आबेदन पेश गर्दा आवेदक संस्थाले छनौट गरेको क्षेत्रको उद्देश्यलाई समेटेर सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ र सम्बन्धित कार्यालयबाट प्रथम पटक सूचना प्रकाशन भएको मिति भन्दा पहिले संस्था दर्ता भएको हुनु पर्नेछ ।

(ख) आवेदक कुनै वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा नपरेको हुनुपर्ने छ । यसका लागि आवेदकले स्व-घोषणा गर्नु पर्नेछ ।

९. <u>प्रस्ताव मूल्यांकन तथा स्थलगत प्रमाणीकरणः</u> (१) प्राप्त भएका प्रस्तावहरुको प्रारम्भिक मूल्यांकन गरी स्थलगत प्रमाणिकरण पश्चात कार्यालयमा स्वीकृतिका लागि सिफारिस गर्न सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

(२) उपदफा (१) अनुसार गठित समितिले आवश्यक ठानेमा बढीमा २ जना सम्म विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित मूल्यांकन समितिले अनुसूची -८ बमोजिम मूल्यांकन गर्दा ५० प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गर्ने आवेदकलाई योग्यता क्रम अनुसार छनौटका लागि कार्यालयमा सिफारिस गर्नु पर्नेछ ।

१०. प्रस्तावको जानकारीः स्वीकृत भएका प्रस्तावहरुको जानकारी र प्रस्ताव छनौट बारे निबेदन/उजुरी गर्न सम्बन्धित संस्थालाई सात (७) दिनको समय सिमा राखी सूचना प्रकाशन गरिनेछ ।

११. सम्झौताः (१) स्वीकृत प्रस्तावका आवेदकहरु संग कार्यालयले अनुसूची-९ बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यक्रम कार्यन्वयन गर्नेछ ।

(२) तोकिएको अवधि भित्र द्विपक्षीय सम्झौता हुन नसकेमा योग्यता क्रमको आधारमा छनौट हुने आवेदक संग सम्झौता गरी कार्यक्रम कार्यन्वयन गरिने छ ।

## परिच्छेद-३
## कार्यक्रम संचालनको आर्थिक पक्ष

१२. भुक्तानी प्रक्रियाः (१) अनुदान रकम सम्झौता भएको मिति भन्दा पहिले सम्पन्न भएका कार्यहरुमा खर्च गर्न पाइने छैन ।

(२) सम्बन्धित साझेदारले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपछी नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिबेदन (भौतिक संरचनाको हकमा), बिल, भर्पाइ, सम्बन्धित वडाको तहको सिफारिस र अन्य आवश्यक कागजातका साथ भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा अनुदान रकममा नियमानुसार कर कट्टा गरि हुन आउने रकम साझेदारको बैंक खातामा भुक्तानी गर्नेछ । साझेदार संस्थाले सम्झौता अनुसार पेश्की रकम माग गरेमा रनिङ्ग बिलका आधारमा अनुदान रकमको बढीमा २५ प्रतिशत सम्म पेश्की स्वरूप उपलब्ध गर्न सक्नेछ ।

## परिच्छेद-४
## विविध

१३. प्रगति प्रतिवेदनः अनुदान प्राप्त गर्ने साझेदार संस्थाले चौमासिक र वार्षिक रुपमा प्रगति प्रतिबेदन सम्बन्धित कार्यालयमा र कार्यालयले एक तह माथिको पठाउनु पर्नेछ ।

१४. संशोधनः यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन र परिमार्जन गर्न सक्नेछ ।

१५. <u>कारबाहीको व्यवस्थाः</u> साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र दुई (२) वर्ष सम्म प्रदेश सरकारबाट संचालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

१६. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु प्रचलित कानून संग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

अनुसूची-१

(दफा ६ संग सम्बन्धित)

प्रस्ताव आह्वानको सूचनाको ढाँचा

प्रथम पटक प्रकाशित मितिः............................

........*(कार्यालयको नाम)*............आ.व................को स्वीकृत वार्षिक कार्यक्रम अनुसार........*(कार्यक्रमको नाम)*.....कार्यक्रम संचालनका लागि ......*(कार्यक्रम क्षेत्र)*....... अन्तर्गतका ईच्छुक कृषक समूह/सहकारी/ नीजि उद्यमिले यो सूचना प्रकाशित मितिले तिस (३०) दिन भित्र रु. दश (१०) को हुलाक टिकट टाँसी पशुपन्छी तथा मत्स्य मिसन कार्यक्रम संचालन कार्यविधि, २०७८ को अनुसूची ३ बमोजिमको आवेदन पत्र, अनुसूची-४ बमोजिमको कार्ययोजना र अनुसूची-२ अनुसारका कागजातहरु अनिवार्य रुपमा संलग्न राखी .....*(कार्यालयको नाम)*............मा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन।

अनुसूची-१

<u>(दफा ६ संग सम्बन्धित)</u>

<u>प्रस्ताव आह्वानको सूचनाको ढाँचा</u>

प्रथम पटक प्रकाशित मितिः.............................

........*(कार्यलियको नाम)*............आ.व................को स्वीकृत वार्षिक कार्यकम अनुसार........*(कार्यकमको नाम)*.....कार्यक्रम संचालनका लागि ......*(कार्यक्रम क्षेत्र)*....... अन्तर्गतका ईच्छुक कृषक समूह/सहकारी/ नीजि उद्यमिले यो सूचना प्रकाशित मितिले तिस (३०) दिन भित्र रु. दश (१०) को हुलाक टिकट टाँसी पशुपन्छी तथा मत्स्य मिसन कार्यक्रम संचालन कार्यविधि, २०७८ को अनुसूची ३ बमोजिमको आवेदन पत्र, अनुसूची-४ बमोजिमको कार्ययोजना र अनुसूची-२ अनुसारका कागजातहरु अनिबार्य रुपमा संलग्न राखी .....*(कार्यलियको नाम)*............मा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन।

## अनुसूची-२

(दफा-७ संग सम्बन्धित)

### आवेदन पत्र साथ संग्लग्न गर्नु पर्ने कागजातहरु

१) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,

२) कृषक समूह/सहकारी/निजि उद्यमि दर्ता र PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि,

३) गत आ.व.को लेखा परिक्षण प्रतिबेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि (वा अन्य कुनै प्रमाणित कागज)

४) कृषक समूह/समिति/सहकारी/साझेदारीको हकमा बैठक निर्णय प्रतिलिपि,

५) जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा पाँच (५) वर्षको करार सम्झौता पत्र,

६) सम्बन्धित स्थानीय तहको सिफारिस,

७) अनुसूची-६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा,

८) समूह/सहकारीले अनुदान माग गर्दा अनिबार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र,

९) आवेदकले बिगतका वर्षमा सोहि प्रकृतिको कार्यक्रममा २ लाख भन्दा बढी अनुदान नलिएको वा २ लाख भन्दा कम अनुदान रकम लिएको भए अनुदान रकमको सदुपयोग गरेको स्व-घोषणा पत्र,

१०) कुनै वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा नपरेको स्व-घोषणा पत्र,

११) वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धि स्व-घोषणा पत्र ।

अनुसूची-३

(दफा ७ संग सम्बन्धित)

**आवेदनको ढाँचा**

श्रीमान् कार्यालय प्रमुख ज्यू,

................(कार्यालयको नाम)..................

मितिः..............

विषयः प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

तहाँ कार्यालयको मिति ................................ मा .............................. राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार "....................................................कार्यक्रम" संचालन गर्ने इच्छा भएकोले तपसिल अनुसारका कागजातहरु संग्लग्न राखी यो निबेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षीय सम्झौता र कार्यविधि मा भएका शर्त र मापदण्ड परिपालना गरि कार्यकम संचालन गर्ने प्रतिबद्धता गर्दछु/छौं साथै सम्झौता र मापदण्ड विपरित गरेको पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

संग्लग्न कागजातहरु,

१) ..........................,

२) ..........................,

औंठा छाप

| दाँया | बाँया |
|---|---|
| | |

आवेदकको नामः

पदः

ठेगानाः

संस्थाको नामः

संस्थाको छापः

सम्पर्क नं. :

अनुसूची-४

(दफा ७ संग सम्बन्धित)

कार्यक्रमको संक्षिप्त कार्ययोजना

१. आवेदक संस्था

१.१ आवेदक संस्थाको नाम तथा ठेगानाः

| | | |
|---|---|---|
| आवेदक संस्थाको नाम | : | |
| ठेगाना | : | |
| संस्था दर्ता भएको मिति र निकाय | : | |
| सम्पर्क व्यक्तिको नाम र पद | : | |
| सम्पर्क नं. | : | |
| इमेल | : | |
| कार्यक्रम हुने स्थान | : | |

१.२ संचालक समिति/कार्य समिति पदाधिकारीहरुको नामावली

| क्र.स. | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१.३ शैक्षिक योग्यता र सम्बन्धित क्षेत्रमा तालिम

| क्र.स. | नाम | लिङ्ग | पद | शैक्षिक योग्यता | तालिम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | तालिमको विषय | तालिम अवधि | तालिम दिने निकाय |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रस्ताव पेश गर्ने बारे संचालक समितिको निर्णय र निर्णय मितिः

साधारण सदस्य संख्याः (क) पुरुष ............................ (ख) महिला..............................

शेयर सदस्य संख्याः (क) पुरुष ............................ (ख)
महिला..............................

१.३ स्थापनाकालका कियाकलापहरुः...................................................................

१.४ हालका क्रियाकलापहरुः..............................................................................

१.५ हाल सम्म सम्पन्न मुख्य मुख्य कार्यहरुः.......................................................

२. पशुपन्छी तथा मत्स्यपालनको अवस्थाः

| क्र.स. | पशु प्रजाति | हाल पालिरहेको संख्या/क्षेत्रफल | कार्यक्रम पश्चात पालिने संख्या/क्षेत्रफल (प्रस्तावित) | कैफियत |
|---|---|---|---|---|
| १. | | | | *पशुपन्छीको शारीरिक अवस्था (पाठा/पाठी/माउ/भाले आदि) अनुसार छुट्टा छुट्टै उल्लेख गर्नु पर्ने)* |
| २. | | | | |
| ३. | | | | |

३. जग्गा सम्बन्धि विवरण

| क्र.स. | जग्गा धनिको नाम | जग्गाको क्षेत्रफल | कित्ता न. | कैफियत |
|---|---|---|---|---|
| (क) | भौतिक संरचना | | | |
| | | | | |
| | | | | |
| (ख) | घाँस खेति | | | |
| | | | | |
| | | | | |

४. ऋण लिएको विवरण

ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्था वा सहकारीबाट लिएको ऋणको विवरणः

| लगानी गर्ने बैंक/वित्तीय संस्था | ऋण लिनुको उद्देश्य | रकम रू. | ऋण लिएको अवधि | सम्पूर्ण ऋण चुक्ता गरेको मिति | ऋण रकमले सम्पन्न गरेका क्रियाकलापहरु र उपलब्धिहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

५. रोजगारीको अवस्था (संचालक/कार्य समिति बाहेक)

| क्र.स. | पद | शैक्षिक योग्यता | महिला/पुरुष | सम्बन्धित क्षेत्रमा कार्य अनुभव |
|---|---|---|---|---|
| हालको रोजगारीको अवस्था | | | | |
| | | | | |
| | | | | |
| कार्यक्रम संचालन पश्चात थप रोजगारीको अवस्था | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६. चरन क्षेत्र, मेशिनरी औजार तथा नविनतम प्रबिधिको प्रयोग

(क) चरन क्षेत्र र घाँसखेतिको क्षेत्रफल.......................................................
प्रमुख घाँसका जातहरु ............................................................
(ख) संचालनमा आएका मेशिनरी औजारहरु...................................................
(ग) नविनतम प्रबिधिको प्रयोग.............................................................

७. वातावरणीय तथा सामाजिक जोखिम न्यूनीकरणः
कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता वातावरणीय तथा सामाजिक जोखिम आउन सक्छन ? र ती जोखिम न्यूनीकरण गर्नका लागि के के योजना छन् ?

८. वर्तमानको समस्याहरुः

.........................................................................................................
(उत्पादन तथा बजारीकरण संग जोडिएका समस्याहरु उल्लेख गर्न सकिने ।)

८.१ पहिचान भएका समस्याहरुको समाधानका लागि बनाइएका योजनाहरुः

| क.स. | समस्याहरु | हाल गरिएका पहल | समस्या समाधानका लागि बनाइएका योजनाहरु |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

९. कार्यक्रमबाट हासिल हुने अपेक्षित प्रतिफल

| क.स. | क्रियाकलापको नाम | आधार रेखा (हालको अवस्था) | कार्यक्रम संचालन पछिको अपेक्षित प्रतिफल | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| *(नोटः प्रस्तावित कार्यक्रम अनुसार मेल खाने र भए गरेका क्रियाकलापहरु मात्र उल्लेख गर्नु पर्ने)* | | | | | | |

१०. उत्पादित बस्तुको बजारीकरणको योजना

| क.स. | उत्पादित बस्तु | उत्पादन परिमाण | उत्पादित बस्तुको बजार | खरिद कर्ता संग भएको सम्झौता | बजारीकरणको योजना |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | | | | | |

११. साझेदारीमा लगानी गर्नुपर्ने रकमको सुनिच्छितता (आवेदकले लगानी गर्ने)

| क्र.स. | आवेदकले लगानी गर्ने रकम | रकम प्राप्ति श्रोत | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

१२. आर्थिक प्रस्ताब

| क्र.स. | क्रियाकलाप | इकाई | परिमाण | अनुदान रकम | स्वलगानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची- ५

स्व-घोषणा पत्र

श्रीमान कार्यालय प्रमुख ज्यू,

...........*(कार्यालयको नाम)*...........

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति................., का दिन.............. पत्रिकामा प्रकाशित सूचना अनुसार, .......................... स्थित ............................. ले ........................................... कार्यक्रम प्रास्ताब पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिवद्धता व्यक्त गर्दछु/छौं यदि यस स्व- घोषणामा केहि झुठ पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

तपसिल,

१. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनैपनि प्रतिकुल असर गर्ने छैन ।

२. कुनै पनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा परेको छैन ।

औंठा छाप

| दायाँ | बाँया |
| --- | --- |
| | |

आवेदकको नामः

पदः

ठेगानाः

संस्थाको नामः

संस्थाको छापः

सम्पर्क नं. :

## अनुसूची- ६

### सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र देखि कार्यक्रम संचालन गरिने स्थानसम्मको नक्सा

उत्तर
(North)

अनुसूची-७

<u>स्थलगत प्रमाणीकरण प्रतिवेदन ढाँचा</u>

कार्यक्रमको नामः

आवेदक संस्थाको र ठेगाना :

स्थलगत प्रमाणीकरण मितिः

१. भौतिक पूर्वाधारको अवस्था

| भौतिक पूर्वाधार | भए (√)/ नभएको (x) | कैफियत |
|---|---|---|
| बाटो | | |
| बिजुली | | |
| पानी | | |
| बजार सुबिधा | | |
| ....................................... | | |

२. चरन तथा घाँस खेतिको अवस्थाः

| | चरन क्षेत्र | घाँस खेति |
|---|---|---|
| मुख्य घाँसका जातहरु | | |
| घाँस खेति क्षेत्रफल | | |
| जग्गाको स्वामित्व | | |

३. पशुपालन तथा उत्पादनको अवस्था

| पशु प्रजाति | पशु संख्या | | | उत्पादन बिक्रि (मासु) |
|---|---|---|---|---|
| | माउ | पाठा /पाठी | बोका | |
| बाख्रा | | | | |

४. मत्स्य पालन तथा उत्पादनको अवस्था

| जात | मत्स्य पालन क्षेत्रफल | मत्स्य उत्पादन |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

५. प्रयोग भईरहेका मेशिनरी औजार/उपकरणहरु

| नाम | संख्या |
|---|---|
| | |
| | |
| | |

६. भौगोलिक हिसाब उपयुक्तता भए/नभएको ..........................

७. संस्थाले गरेका नविनतम कार्यहरु.........................................................

८. स्थलगत निरीक्षण टोलीको रायः

छनौटका लागि सिफारिस गर्न उपयुक्त रहेको/नरहेको ....................

९. स्थलगत निरीक्षण गर्ने पदाधिकारीहरुको विवरण

| नाम | पद | कार्यरत कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची- ८

(दफा ९ (३) संग सम्बन्धित)

साझेदार संस्थाको मूल्यांकन गर्ने आधार

कार्यक्रमको नामः

आवेदक संस्थाको नाम र ठेगानाः

मितिः

| क्र.स. | सूचक | अधिकतम अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १. | संस्थामा हाल उपलब्ध भौतिक पूर्वाधार (बाटो, बिजुली, पानी, बजार सुबिधा आदि) | १५ | | |
| २. | उन्नत भुईं तथा डाले घाँस खेतिको क्षेत्रफल (माछाको हकमा लागु नहुने)<br>*(४ बाख्राको लागि न्युनतम १ रोपनी (डेढ कट्ठा) जग्गाको को दरले पूर्ण अंक मानि)* | २० | | |
| ३. | माछाको आहारा व्यवस्थापन (माछाको हकमा) | २० | | |
| ४. | संस्था दर्ता अवधि<br>*(संस्था दर्ता अवधि ५ वर्ष वा सो भन्दा बढी भएमा पूर्ण अंक मानी मुल्यांकन गरिने)* | ५ | | |
| ५. | जैविक सुरक्षाको अवस्था तथा उपयोग | १५ | | |
| ६. | मेशिनरी औजारको प्रयोग | १० | | |
| ७. | बैदेशिक रोजगारीबाट फर्की पशु व्यवसायमा आवद्ध<br>(५ वर्ष भन्दा बढी अवधिलाई पूर्ण अंक मानि) | ५ | | |
| ८. | सम्बन्धित क्षेत्रमा तालिम | १० | | |
| ९. | कार्ययोजना | २० | | |
| | कुल | १०० | | |

नोटः मूल्यांकन समितिले अनुसूची-८ मा उल्लेख भएका मूल्यांकनका सूचकलाई आधार मानी थप खण्डिकरण गरी मुल्यांकन गर्न सक्नेछ ।

अनुसुची –९

(दफा-११ संग सम्बन्धित)

द्विपक्षिय सम्झौता पत्र

आर्थिक वर्ष ...................... मा संचालन हुने ..........कमका लागि .........*(कार्यालयको नाम)*.........(यसपछि प्रथम पक्ष भनिने) र छनौट भएका ...पालक साझेदार संस्था..............(यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तानामाहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न द्विपक्षिय सम्झौता गरी एक/एक प्रति बुझि लियौं/दियौं ।

तपसिलः

१. प्रथम पक्षले................................कार्यक्रम संञ्चालनका लागि इस्टिमेट गरिएको रकम रू..............(अक्षेरुपी.............) को कार्य सम्पन्न भए पछी ........*(कार्यालयको नाम)*.......... बाट उपलब्ध गराइने अनुदान रकम रु..............(अक्षेरुपी...........) मा नियमानुसार कर कट्टी पश्चातको रकम दोश्रो पक्षलाई बैंक खाता मार्फत भुक्तानी गर्नेछ ।

२. दोश्रो पक्षले तपसिल अनुसारका कियाकलापहरु मिति ....................भित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

| क.स. | क्रियाकलाप | इकाई | परिमाण | अनुदान रकम | स्वलागानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३. दोश्रो पक्षले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपछि, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन (भौतिक संरचनाको हकमा), बिल, भर्पाइ, सम्बन्धित वडाको सिफारिस र अन्य आवश्यक कागजातका साथ् भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा नियमानुसार प्रथम पक्षले भुक्तानी गर्नेछ ।

४. दोश्रो पक्षले पशु/मत्स्य बिमा गरी बिमा अभिलेख प्रथम पक्षलाई पेश गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले पशुको वंसावली रेकर्ड अनिबार्य राख्नु पर्नेछ ।

६. प्रथम पक्षले कुनै पनी बखत संञ्चालीत कार्यको अनुगमन निरिक्षण गरी सम्झौता मुताविक कार्य भए /नभएको सल्लाह/सुझाव दिन सक्नेछ ।

७. दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको चौमासिक प्रगती उपलब्धी एंव कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिबार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

८. दोस्रो पक्षले सम्झौता अनुरुप कार्य नगरेमा प्रथम पक्षले अनुदान रकम भुक्तानी गर्ने छैन ।

९. दोस्रो पक्षले कार्यक्रम अधुरो छाडी अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलीत ऐनेनियम बमोजिम सरकारी बाँकि/ बक्यौता सरह असुल उपर गर्नेछ ।

१०. कार्यक्रम संञ्चालनको दौरानमा कुनै बिषय हेरफेर वा परिमार्जन गर्नु पर्दा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

प्रथम पक्षको तर्फबाट
हस्ताक्षरः
नामः
पदः
निर्देशनालयको छाप

दोश्रो पक्षको तर्फबाट
हस्ताक्षरः
नामः
पदः
संस्थाको छापः

रोहबर
हस्ताक्षरः
नामः
पदः
कार्यालयको छापः

रोहबर
हस्ताक्षरः
नामः
पदः
संस्थाको छापः

इतिसम्वत्.............साल..........महिना.............गतेरोज.............शुभम् ।